(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
KARNALI ACADEMY OF HEALTH SCIENCES
जुम्ला, नेपाल

## प्रेस नोट

जुम्ला जिल्ला हिमा गाउँपालिका-३ निवासी श्री जगन्नाथ योगीका १७ वर्षीय छोरा श्री डिकेसनाथ योगीको यस प्रतिष्ठानमा गरिएको उपचार र शल्यक्रियाका सन्दर्भमा पछिल्ला दिनहरूमा विभिन्न सामाजिक संजालमा भ्रमपूर्ण र तथ्यहीन आरोपहरू सार्वजनिक रूपले फैलिएको हुँदा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको तर्फबाट यथार्थ घटनाक्रम, उपचार प्रक्रिया र हालको अवस्था सम्बन्धी तथ्य सहितको जानकारी सार्वजनिक गर्न आवश्यक भएको छ ।

### बिरामीको प्रारम्भिक अवस्था र अस्पताल आगमन

बिरामी श्री डिकेसनाथ योगीलाई १ दिन देखि पेट दुखेका सिकायत सहित मिति २०८२/०२/२५ गते बेलुका करिब ७ बजे कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको आपतकालीन कक्षमा (Emergency) ल्याएको र निजको पेट दुखाईको उपचार पछि बिरामीले पेट दुखाई ठिक भएको जानकारी गराए पश्चात निजलाई इमजेन्सीबाट डिस्चार्ज गरिएको थियो ।

पुन बिरामीलाई मिति २०८२/०२/२६ गते करिब ९ बजे प्रतिष्ठानको आपतकालीन कक्षमा (Emergency) छटपटिनेगरि पेट दुखेको सिकायतले अस्पताल पुर्‍याउँदा पेट अत्यन्तै कडा थियो, जसले पेरिटोनाइटिस ( Peritonitis) अर्थात् पेटको भित्तामा संक्रमण भएको संकेत दिन्छ । चिकित्सकद्वारा गरिएको शारीरिक परीक्षण, एक्स-रे लगायतका अन्य रेडियोलोजिकल तथा ल्याब परीक्षणको आधारमा बिरामीलाई शंका जन्य एपेन्डिसाइटिस (Suspected Appendicitis) भएको provisional diagnosis गरियो । परिक्षण तथा बिरामीको सशरीर जाँचबुझ पछि एपेन्डिक्स फुटी प्वाल भएर पेटभित्र पीपयुक्त पदार्थ (Pus) जमेको हुन सक्ने सम्भावना शल्यचिकित्सकहरुद्वारा व्यक्त गरि सोही अनुरुप उपचार गर्ने निर्णय गरियो । बिरामीको अभिभावकलाई शल्यक्रिया र रोगको जटिलताको जानकारी गराए पश्चात निजको मिति २०८२/०२/२६ गते शल्यक्रिया गरिएको थियो ।

### आर्थिक अवस्था र नि:शुल्क उपचार

बिरामी परिवारले उपचार खर्च गर्न सक्ने अवस्था नरहेको जानकारी दिएपछि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले तुरुन्तै समाजिक सेवा एकाई मार्फत निशुल्क उपचार प्रक्रिया सुरु गऱ्यो । बिरामीको अवस्था जटिल र गम्भीर भएकोले बिना ढिलाइ शल्यक्रिया गर्ने निर्णय गरियो ।

(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
KARNALI ACADEMY OF HEALTH SCIENCES
जुम्ला, नेपाल

**प्रथम शल्यक्रिया विवरण**

शल्यक्रियाको क्रममा चिकित्सक टोलीले बिरामीको एपेन्डिक्स सुनिएको र झण्डै १ लिटर पीपयुक्त संक्रमणजन्य तरल पदार्थ पेटको भित्री भागमा फैलिएको थियो । साथै निज बिरामीको पेट भित्रको संरचना अत्यन्त असमान्य अवस्थामा पाइएको थियो ।

**सामान्यतः सानो आन्द्रा पेटको बिच भागमा र ठुलो आन्द्रा पेटको छेउछाउमा भागमा रहन्छ**, तर यस केसमा ठीक उल्टो अवस्थामा पाइएको थियो । ठुलो आन्द्रा पुरै वायाँ तिर र सानो आन्द्रा पुरै दायाँ तिर रहेको थियो । ठुलो आन्द्राको सुरुवाती भाग एक आपसमा जेलिएको (Adhesion) अबस्थामा थियो । आन्द्राको झिल्लीमा करिब १५० भन्दा बढी गाठा/गुठी (Nodules) सुनिएको अबस्थामा थिए । जसमा शंका गरिने अवस्थाहरू (जस्तै TB, Inflammatory Disease, Malignancy आदि) प्रति संकेत गर्छ । जसमध्ये दुई वटा गाठाहरू र एपेन्डिक्स नमूना (Biopsy) परीक्षणको लागि नेपालगञ्ज पठाउन बिरामीको नातेदारलाई दिईएको थियो । हाल बिरामी संग सो परिक्षणको रिर्पोट माग्दा समेत प्रतिष्ठानलाई उपलब्ध गराईएको छैन ।

**दोस्रो शल्यक्रिया र थप जटिलता**

शल्यक्रियापछि पनि बिरामीको स्वास्थ्यमा अपेक्षित सुधार देखिएन । पेटमा राखिएको ड्रेन ट्युबबाट गाढा पदार्थ निस्कनु, पेट फेरी फुल्ने, चाप घट्ने जस्ता गम्भीर संकेतहरू देखिएपछि, ICU मा भर्ना गरी तुरुन्तै एक्सरे, Portable USG र सिटि स्क्यान गरेर हेर्दा आन्द्राको चाल बन्द भएको देखिएपछि बिरामीका अभिभावकसँग परामर्श र लिखित मञ्जुरीनामा लिई दोस्रोपटक पुनः मिति २०८२/०२/२७ गते शल्यक्रिया गरियो ।

**दोस्रो शल्यक्रियामा चिकित्सक टोलीले यस्तो गम्भीर अवस्था पायोः**

सानो आन्द्रा सम्पूर्णरूपमा रक्तसञ्चार नहुँदा मरेको (Necrotic) भइसकेको थियो । ठुलो आन्द्राको अधिकांश भाग पनि रक्तप्रवाहको अभावले मरेको अवस्था देखियो । यस अवस्थाको प्रमुख कारण आन्द्रामा रगत पुऱ्याउने नलीहरूमा रगतका डल्लाहरू (Clots) जम्मा भएर अवरोध सिर्जना गरेको देखियो । यसका कारण, मृत भइसकेका आन्द्रा शल्यक्रियाबाट निकाल्नु अनिवार्य भयो । यदी मरेको आन्द्रा ननिकाले तत्काल बिरामीको ज्यान जान सक्ने सम्भावित अबस्थाको बारेमा चिकित्सक टोलीले अभिभावकलाई स्पष्ट रूपमा जानकारी गराएको थियो ।

(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
KARNALI ACADEMY OF HEALTH SCIENCES
जुम्ला, नेपाल

### रेफर सल्लाह र DOPR डिस्चार्ज

यसपछि, यस्तो जटिल अवस्थाको थप उपचार सम्भव हुन नसक्ने निष्कर्ष सहित बिरामीलाई नेपालगञ्ज वा काठमाडौं रिफर गर्न अभिभावकलाई सल्लाह दिइयो । नेपालगञ्ज मेडिकल कलेजमा बिरामी भर्ना गरियो, तर केही दिनपछि बिरामीका अभिभावक स्वयंले DOPR (Discharge On Patient Request) अनुसार आफ्नै इच्छाले उपचार प्रक्रिया बीचमै रोक्दै डिस्चार्ज लिएका थिए । यस किसिमको डिस्चार्जको अर्थ हो: बिरामी वा परिवारको मागमा आधारित अस्पताल त्याग गर्नु, जुन अवस्थामा अस्पताल जिम्मेवार रहने छैन भन्ने बुझिन्छ ।

### पुनः प्रतिष्ठानमा भर्ना र हालको अवस्था

नेपालगञ्जबाट फर्किएपछि बिरामी पुनः कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका छन् र हाल पनि यहाँ विशेषज्ञ चिकित्सक टोलीद्वारा निरन्तर निशुल्क रुपमा उपचार भइरहेको छ। बिरामीको अवस्था गम्भीर भए पनि चिकित्सकहरू आफ्नो सम्पूर्ण प्रयासका साथ उपचारमा खटिएका छन् ।

### अनावश्यक आरोपहरूको खण्डन तथा आग्रह

हाल बिरामीका अभिभावकद्वारा सामाजिक सञ्जाल, मिडिया तथा सार्वजनिक माध्यमहरूमा तथ्यहीन, भ्रमपूर्ण र प्रतिष्ठानको मानमर्दन गर्ने खालका आरोपहरू सार्वजनिक रूपमा प्रस्तुत गरिन थालेका छन्, जुन निन्दनीय मात्र नभई सम्पूर्ण प्रतिष्ठान परिवारको मनोबल घटाउने कार्य हो ।

हामी स्पष्ट रूपमा भन्न चाहन्छौं कि प्रतिष्ठानका सम्पूर्ण चिकित्सक र स्वास्थ्यकर्मीहरूले चिकित्सा आचारसंहिता, व्यावसायिक इमानदारिता र मानवीय भावना सहित बिरामीको उपचारमा कुनै कसर बाँकी राखेका छैनन् । बिरामीको जटिल अवस्था, बारम्बारको शल्यक्रिया गर्नु पर्ने अवस्था र प्राकृतिक शारीरिक संरचनामा देखिएको समस्या यस्तो थियो कि जुन चिकित्सकको नियन्त्रणभन्दा बाहिरको कुरा हो । आर्थिक रूपमा कमजोर बिरामीप्रति समेत प्रतिष्ठानले कुनै भेदभाव नगरी निःशुल्क उपचार गरिरहेको छ ।

(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
KARNALI ACADEMY OF HEALTH SCIENCES
जुम्ला, नेपाल

**न्यायिक प्रक्रिया र नागरिक अपील**

हामी सम्पूर्ण नागरिक, अभिभावक, सञ्चारकर्मी, सरोकारवालाहरूलाई यथार्थ नबुझी, अर्धसत्य जानकारीका आधारमा कुनै प्रकारको भ्रामक प्रचार नगर्न हार्दिक अनुरोध गर्दछौं । यथार्थता नबुझि भ्रामक प्रचारबाजी नगरि बिरामीको अभिभावकलाई  कुनै असन्तुष्टि वा शंका लागेको भए, कानुनी तथा नियामक प्रक्रिया अपनाउने सुविधा समेत रहेको जानकारी गराउँदछौ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सबै नागरिकको सेवामा समर्पित छ र हामी पारदर्शिता, व्यावसायिकता र उत्तरदायित्वमा पूर्ण प्रतिबद्ध छौं ।

अस्पताल प्रशासन
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
मितिः २०८२/०४/०१ गते बिहिबार